आज मिति २०८२।०७।२१ गतेको दिन यस कालिकामाई गाउँपालिका, पर्साका अध्यक्ष श्री बशिष्ट कुमारज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक निम्नानुसारको उपस्थितिमा बस्यो ।

<u>उपस्थित :</u>

| | | |
|---|---|---|
| १. | श्री बशिष्ट कुमार (गा.पा. अध्यक्ष) | अध्यक्ष |
| २. | श्री राजमती बरैनी (गा.पा.उपाध्यक्ष) | सदस्य |
| ३. | श्री लालबाबु राउत बरै (वडा अध्यक्ष, वडा नं.-१) | सदस्य |
| ४. | श्री सोनालाल प्रसाद चौरसिया (वडा अध्यक्ष, वडा नं.-२) | सदस्य |
| ५. | श्री संजय कुमार पटेल (वडा अध्यक्ष, वडा नं.-३) | सदस्य |
| ६. | श्री संजय कुमार साह (वडा अध्यक्ष, वडा नं.-४) | सदस्य |
| ७. | श्री जयनारायण प्रसाद कुर्मी (वडा अध्यक्ष, वडा नं.-५) | सदस्य |
| ८. | श्री हरीओम कुमार शाह | सदस्य |
| ९. | श्री रामराज प्रसाद चौरसिया | सदस्य |
| १०. | श्री चनरजोतिया दुसादिन | सदस्य |
| ११. | श्री मालती देवी दुसादिन | सदस्य |
| १२. | श्री ललिता देवी | सदस्य |
| १३. | श्री अकलिया खातुन मुकेरी | सदस्य |
| १४. | श्री अमित कुमार गिरी | सदस्य-सचिव |

CamScanner

**प्रस्तावहरु:**

१. ईजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।

२. सार्वजनिक पोखरीको न्यून्तम दररेट निर्धारण गर्ने सम्बन्धमा ।

३. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. करार कर्मचारी भर्ना सम्बन्धमा ।

५. कार्यवाही गर्न सिफारिस गर्ने सम्बन्धमा ।

६. योजना संशोधन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस कालिकामाई गाउँपालिकाबाट सार्वजनिक निर्माण सम्बन्धी कामकाज गर्न यस गा.पा.को प्राविधिक मिथलेश कुमार यादवको प्राप्त प्रतिवेदन अनुसार तपसिल बमोजिमको फर्महरुलाई ईजाज्तपत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.स. | फर्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | टि.एल.कन्सट्रकसन | कालिकामाई गा.पा. वडा न.१, मुडली, पर्सा | |
| २. | द्रव्यता कन्सट्रकसन | कालिकामाई गा.पा. वडा नं. १, मुडली, पर्सा | |

**निर्णय नं. २** प्रस्ताव नं. २ माथी छलफल गर्दा यस कालिकामाई गाउँपालिका अन्तर्गत वडा नं. १ देखी वडा नं. ५ सम्ममा रहेका तपसिल बमोजिमका सार्वजनिक पोखरीहरुलाई ५ वर्षको लागी खुल्ला डाँक बढाबढको माध्यमबाट चौथो पटक १०% घटाई निम्न अनुसारको न्यून्तम दररेट राखी १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| ठेक्का नं. | अवस्थित | पोखरिको नाम | पानिले ओग्टने क्षेत्रफल | ठेक्काको न्युनतम अंक (पाँच वर्षको लागि) | फारम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| ०१/२०८२/०८३ | साविक गा.वि.स. मुडली-९ | ब्रहम पोखरी | २-०-० | ३९,९५,६४९।- | २०००।- | |
| ०२/२०८२/०८३ | साविक गा.वि.स. मुडली-१ | मुरधरिया पोखरि | ०-८-१३ | ११,१७,५५७।- | २०००। | |
| ०५/२०८२/०८३ | साविक गा.वि.स. मुडली-४ | सार्वजनिक पोखरी | ०-११-० | १७,५२,८८०।५० | २०००। | |
| ०६/२०८२/०८३ | साविक गा.वि.स. मुडली-६ | सार्वजनिक पोखरी | ०-८-१० | ३,०९,८२५।- | १०००।- | |
| ०८/२०८२/०८३ | साविक गा.वि.स. मुडली-८,९ | सखुवा पोखरी | २-१५-२ | ४४,०१,३३७।५० | २०००।- | |
| ११/२०८२/०८३ | साविक गा.वि.स. वीरंचिवर्वा-२ | सार्वजनिक पोखरी | ०-४-१० | १,६४,०२५।- | १०००।- | |
| १२/२०८२/०८३ | साविक गा.वि.स. वीरंचिवर्वा-९ | सार्वजनिक पोखरी | ०-६-० | २,२८,७००।- | १०००।- | |
| १३/२०८२/०८३ | साविक गा.वि.स. वीरंचिवर्वा-८ | सार्वजनिक पोखरी | ०-५-० | १,८२,२५०।- | १०००। | |
| १४/२०८२/०८३ | साविक गा.वि.स. वीरंचिवर्वा-८ | सार्वजनिक पोखरी | ०-५-० | १,८२,२५०।- | १०००। | |

**<u>निर्णय नं. ३</u>** प्रस्ताव नं. ३ माथी छलफल गर्दा शिक्षा समितिको मिति २०८२।०७।२० गतेको यस गाउँपालिकाको शिक्षा समितिबाट भएको निर्णयहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>** प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको लागि आवश्यक पोषण स्वयंसेवक, असिस्टेन्ट सब.ईन्जिनियर, तथा पशु सम्बन्धी कर्मचारी(चौथो तह) साथै आवश्यक अन्य कर्मचारी करार सेवामा भर्नाको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>** प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ बस्ने मोतिलाल साह कानुको नाति लालु साहको छोरा हेमनत साह र वडा नं. २ मै बस्ने देवनन्द महतो कोईरीको नाति दिनेश कुशवाहाको छोरा रजनिस कुशवाहाले सामाजिक संजालमा यस गाउँपालिकाका गा.पा.अध्यक्ष, वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरुलाई गाली बेईज्जति गर्दै अपमान गर्दै भिडियोहरु राखे गरेकोले निजहरुलाई गाली बेईज्जति तथा सार्वजनिक अपराध मुद्दा र साईबर क्राईम मुद्दामा हदैसम्मको कार्यवाही गर्न श्री जिल्ला प्रहरी कार्यालय, पर्सालाई लेखी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>** प्रस्ताव नं. ६ माथी छलफल गर्दा अर्थ मन्त्रालयको मिति २०८२।०६।०७ को पत्रबाट स्थानिय तहहरुले वितरणमुखी कार्य नगर्न/नगराउन लेखि आएको हुदाँ यस गाउँपालिकाको आ.ब. २०८२।०८३ को वार्षिक स्विकृत योजना तथा कार्यक्रमहरुमा आवश्यक संशोधन गर्ने निर्णय गरियो ।